# बीमा प्रतिबिम्ब

**नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण**
**वर्ष २ अंक ८ २०८२ फागुन**


## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुर्‍याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को फागुन मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुर्‍याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सूचक | २०८१ फागुन मसान्तसम्ममा | २०८२ फागुन मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)* | ५३,८८,७९४ | ५९,५९,७६३ | १०.६० |
| म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६४,१३,६३३ | ७९,३७,०१९ | २३.७५ |
| वैदेशिक रोजगार बीमालेख संख्या | २४,३६,२२१ | २३,६३,०५० | (३.००) |
| **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१,४२,३८,६४८** | **१,६२,५९,८३२** | **१४.२०** |
| **कुल जारी जीवन बीमालेख संख्या** | **३८,३४,५४४** | **४७,९७,९७५** | **२५.१३** |
| **कुल जारी निर्जीवन बीमालेख संख्या** | **२०,७३,४६३** | **२१,६८,०४५** | **४.५६** |

चालु आ.व २०८२/८३ को फागुन मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ४७ लाख ९७ हजार ९७५ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २१ लाख ६८ हजार ४५ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को फागुन मसान्तसम्ममा १ करोड ६२ लाख १५ हजार ३६९ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को फागुन मसान्तको तुलनामा १४.५७ प्रतिशतले वृद्धि भएको देखिन्छ।

## २. बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| सूचक | २०८१ फागुन मसान्तसम्ममा | २०८२ फागुन मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | २,३८,०८०.३६ | ३,१०,५४०.४५ | ३०.४४ |
| नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ८,५६,२७९.४२ | ९,६६,३४१.३७ | १२.८५ |
| **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **१०,९४,३५९.७८** | **१२,७६,८८१.८१** | **१६.६८** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **२,८६,०८४.६३** | **३,२५,२८२.७१** | **१३.७०** |
| **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **१३,८०,४४४.४१** | **१६,०२,१६४.५२** | **१६.०६** |

चालु आ.व २०८२/८३ को फागुन मसान्तसम्ममा रु. १ खर्ब ६० अर्ब २१ करोड ६५ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को फागुन मसान्तको तुलनामा १६.०६ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को फागुन मसान्तको तुलनामा चालु आ.व को फागुन मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १६.६८ प्रतिशतले बृद्धि भई रु. १ खर्ब २७ अर्ब ६८ करोड ८२ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १३.७० प्रतिशतले बृद्धि भई रु. ३२ अर्ब ५२ करोड ८३ लाख बीमाशुल्क संकलन भएको छ।

## ३. बीमा दावी भुक्तानी विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ फागुन मसान्तसम्ममा | २०८२ फागुन मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दाबी भुक्तानी संख्या | १,८२,६२१ | १,२५,८३० | (३१.१०) |
| जीवन बीमा दाबी भुक्तानी रकम | २,८२,५२३.११ | २,६८,४१५.२७ | (४.९९) |
| भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)* | ५१,४१७ | ६२,३२३ | २१.२१ |
| भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)* | ३९,२७८.३३ | ५७,५२८.३४ | ४६.४६ |
| निर्जीवन बीमा दाबी भुक्तानी संख्या | ८८,२९२ | ९४,२१५ | ६.७१ |
| निर्जीवन बीमा दाबी भुक्तानी रकम | १,४०,९०८.५३ | १,७३,०८८.०५ | २२.८४ |
| भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)* | १,०७,२७२ | १,१७,७१९ | ९.७४ |
| भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)* | ३,१८,८०२.४१ | ५,९३,३७४.४४ | ८६.१३ |

चालु आ.व २०८२/८३ को फागुन मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या १ लाख २५ हजार ८३० रहेको छ जस अन्तर्गत रु. २६ अर्ब ८४ करोड १५ लाख भुक्तानी भएको छ। गत आ.व.को फागुन मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या ३१.१० प्रतिशत र रकम ४.९९ प्रतिशतले कम भएको देखिन्छ। साथै, ६२ हजार ३२३ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ७५ करोड २८ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को फागुन मसान्तसम्ममा कुल ९४ हजार २१५ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १७ अर्ब ३० करोड ८८ लाख भुक्तानी भएको छ भने, १ लाख १७ हजार ७१९ वटा दाबी संख्या अन्तर्गत कुल रु ५९ अर्ब ३३ करोड ७४ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को फागुन मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ९.७४ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ८६.१३ प्रतिशत वृद्धि भएको देखिन्छ।

## ४. जीवन बीमाको पहुँच

| सूचक | २०८१ फागुन मसान्तसम्ममा | २०८२ फागुन मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १६.५७ | १८.१६ |
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३६.२९ | ४२.३४ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | **४४.१७** | **४९.९२** |

*१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को फागुन मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४९.९२ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५०.०८ प्रतिशत जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

## ५. समर्पण तथा व्यतित विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ फागुन मसान्तसम्ममा | २०८२ फागुन मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | ७१,५५४ | ५९,७९६ | (१६.४३) |
| समर्पण रकम | ९८,७६३.६३ | ९१,७७७.०७ | (७.०७) |

| | | | |
|---|---|---|---|
| व्यतित बीमालेखको संख्या | १२,२८,६०६ | १२,२७,६८९ | (०.०७) |
| व्यतित बीमालेखको रकम | ३,६५,४८७.३२ | ३,७५,५८३.११ | २.७६ |

चालु आ.व २०८२/८३ को फागुन मसान्तसम्ममा ५९ हजार ७९६ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ९ अर्ब १७ करोड ७७ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख २७ हजार ६८९ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३७ अर्ब ५५ करोड ८३ लाख रहेको छ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८१ फागुन मसान्तसम्ममा | २०८२ फागुन मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८४५ | १,८४५ | - |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१४७ | १,१५४ | ०.६१ |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९९२** | **२,९९९** | **०.२३** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०७४ | ६,०८३ | ०.१५ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०२१ | ६,२५३ | ३.८५ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **११,९०१** | **१२,३३६** | **१.९९** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४५ र निर्जीवन बीमातर्फ १ हजार १५४ गरी जम्मा शाखा संख्या २ हजार ९९९ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ८३ र निर्जीवन बीमातर्फ ६ हजार २५३ गरी कुल १२ हजार ३३६ जना कर्मचारी कार्यरत छन्।

## ७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सूचक | २०८१ फागुन मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | १,६९,६६४ | ४.४२ | १,९०,३८४ | ३.९७ | **१२.२१** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | २३,३०८ | ०.६१ | २५,९६१ | ०.५४ | **११.३८** |
| रुपान्तरित सावधिक जीवन बीमा | ३१,५४० | ०.८२ | ३५,४४५ | ०.७४ | **१२.३८** |

| | | | | | |
|---|---|---|---|---|---|
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | ६७,४८८ | १.७६ | ७६,०८३ | १.५९ | १२.७४ |
| वैदेशिक रोजगार म्यादी | ५,३७,६४० | १४.०२ | ४,८०,५४५ | १०.०२ | (१०.६२) |
| आजीवन जीवन बीमा | ३,५८९ | ०.०९ | ३,०१६ | ०.०६ | (१५.९७) |
| एकल बीमाशुल्क जीवन बीमा | १३,८४६ | ०.३६ | १०,४५५ | ०.२२ | (२४.४९) |
| म्यादी  जीवन बीमा | ६,६६,९२४ | १७.३९ | ६,७८,९२३ | १४.१५ | १.८० |
| लघु जीवन बीमा | २३,१३,८५२ | ६०.३४ | ३२,९१,३०८ | ६८.६० | ४२.२४ |
| अन्य जीवन बीमा | ६,६९३ | ०.१७ | ५,८५५ | ०.१२ | (१२.५२) |
| **जम्मा** | ३८,३४,५४४ | १००.०० | ४७,९७,९७५ | १००.०० | २५.१३ |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६८.६० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०६ प्रतिशत रहेको छ । गत आ.व.को फागुन मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा २५.१३ प्रतिशतले वृद्धि भएको छ ।

## ८. सक्रिय जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८१ फागुन मसान्तसम्ममा (१) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २०,६४,८८६ | १४.५० | २२,०६,३८६ | १३.५७ | ६.८५ |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ४,४४,६६६ | ३.१२ | ४,५८,०८५ | २.८२ | ३.०२ |
| रुपान्तरित सावधिक जीवन बीमा | ५,३६,२५८ | ३.७७ | ६,०१,००९ | ३.७० | १२.०७ |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | १०,२०,१२९ | ७.१६ | १०,९०,९५० | ६.७१ | ६.९४ |
| वैदेशिक रोजगार म्यादि जीवन बीमा | २४,३६,२२१ | १७.११ | २३,६३,०५० | १४.५३ | (३.००) |
| आजिवन जीवन बीमा | १,७७,०६३ | १.२४ | १,६९,७४९ | १.०४ | (४.१३) |
| एकल बीमाशुल्क जीवन बीमा | ८२,७२७ | ०.५८ | १,१२,४८० | ०.६९ | ३५.९७ |
| म्यादि जीवन बीमा | ३३,०६,१९४ | २३.२२ | ३४,२२,३९६ | २१.०५ | ३.५१ |
| लघु जीवन बीमा | ४०,४६,३४९ | २८.४२ | ५७,१२,१०७ | ३५.१३ | ४१.१७ |
| अन्य जीवन बीमा | १,२४,१५५ | ०.८७ | १,२३,६२० | ०.७६ | (०.४३) |
| **जम्मा** | १,४२,३८,६४८ | १००.०० | १,६२,५९,८३२ | १००.०० | १४.२० |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३५.१३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६९ प्रतिशत रहेको छ। गत आ.व. को फागुन मसान्तसम्मको तुलनामा चालु आ.व.को फागुन मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १४.२० प्रतिशत वृद्धि भएको छ।

## ९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ फागुन मसान्तसम्ममा (१) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ११,७६,६४६ | ८.२६ | १९,०२,७४३ | ११.७० | **६१.७१** |
| मधेश | ६,१०,२५९ | ४.२९ | ७,१३,८७९ | ४.३९ | **१६.९८** |
| बागमती | ९८,९९,९१८ | ६९.५३ | १,०२,१६,०६५ | ६२.८३ | **३.१९** |
| गण्डकी | ६,८१,०७३ | ४.७८ | १०,९१,५९४ | ६.७१ | **६०.२८** |
| लुम्बिनी | १०,३०,६१६ | ७.२४ | ११,४३,२१२ | ७.०३ | **१०.९३** |
| कर्णाली | २,९३,७७२ | २.०६ | ५,९६,८५३ | ३.६७ | **१०३.१७** |
| सुदुरपश्चिम | ५,४६,३६४ | ३.८४ | ५,९५,४८६ | ३.६६ | **८.९९** |
| **जम्मा** | १,४२,३८,६४८ | १००.०० | १,६२,५९,८३२ | १००.०० | **१४.२०** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी १ करोड २ लाख १६ हजार ६५ वटा सक्रिय बीमालेख बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम ५ लाख ९५ हजार ४८६ वटा सक्रिय बीमालेख सुदुरपश्चिम प्रदेशमा रहेको छ।

## १०. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८१ फागुन मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति बीमा | ३,२१,०७१ | १५.४८ | ३,०४,२८६ | १४.०४ | **(५.२३)** |
| सामून्द्रिक बीमा | २,५६,१५१ | १२.३५ | २,७०,६४२ | १२.४८ | **५.६६** |
| हवाई बीमा | ८८ | ०.००४ | १५६ | ०.००७ | **७७.२७** |
| मोटर बीमा | १०,३४,०५६ | ४९.८७ | १०,५६,७१८ | ४८.७४ | **२.१९** |

| | | | | | |
|---|---|---|---|---|---|
| इन्जि. तथा ठे. जो. बीमा | १८,०५७ | ०.८७ | १७,३१७ | ०.८० | (४.१०) |
| विविध बीमा | १,०८,६९१ | ५.२४ | १,०४,१४२ | ४.८० | (४.१९) |
| कृषि तथा बाली बीमा | ९७,७८४ | ४.७२ | १,०४,२११ | ४.८१ | ६.५७ |
| लघु बीमा | २,३७,५६५ | ११.४६ | ३,१०,५७३ | १४.३३ | ३०.७३ |
| **जम्मा** | २०,७३,४६३ | १००.०० | २१,६८,०४५ | १००.०० | **४.५६** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४८.७४ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००७ प्रतिशत रहेको छ। गत आ.व. को फागुन मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ४.५६ प्रतिशतले वृद्धि भएको छ।

## ११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ फागुन मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २,५९,०३७ | १२.४९ | २,७३,५५७ | १२.६२ | ५.६१ |
| मधेश | २,२१,९०९ | १०.७० | २,१८,१६३ | १०.०६ | (१.६९) |
| बागमती | ९,०२,४६७ | ४३.५२ | ९,७०,८४१ | ४४.७८ | ७.५८ |
| गण्डकी | २,०७,७७८ | १०.०२ | २,०९,९८८ | ९.६९ | १.०६ |
| लुम्बिनी | ३,३७,०९२ | १६.२६ | ३,४९,५९६ | १६.१२ | ३.७१ |
| कर्णाली | ३७,००० | १.७८ | ३७,९२४ | १.७५ | २.५० |
| सुदुरपश्चिम | १,०८,१८० | ५.२२ | १,०७,९७६ | ४.९८ | (०.१९) |
| **जम्मा** | २०,७३,४६३ | १००.०० | २१,६८,०४५ | १००.०० | **४.५६** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.७८ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७५ प्रतिशत रहेको छ।

## १२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| जीवन बीमालेख | २०८१ फागुन मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | ४,०३,२५५.९७ | ३६.८५ | ५,१८,६८१.५८ | ४०.६२ | २८.६२ |
| अग्रिम भुक्तानी सावधिक | २,३६,९३८.०१ | २१.६५ | २,४२,४४३.३१ | १८.९९ | २.३२ |
| रुपान्तरित सावधिक | १,३९,५३६.८९ | १२.७५ | १,४७,३९७.३३ | ११.५४ | ५.६३ |
| बालबच्चा सम्बन्धि सावधिक | १,७१,७५८.४३ | १५.६९ | २,०९,७८३.९९ | १६.४३ | २२.१४ |
| वैदेशिक रोजगार म्यादी | २२,८१३.१९ | २.०८ | २२,४१३.८२ | १.७६ | (१.७५) |
| आजीवन | २८,८९०.६६ | २.६४ | २७,५५१.५९ | २.१६ | (४.६३) |
| एकल बीमाशुल्क | ४२,४४१.५६ | ३.८८ | ५२,८८५.८८ | ४.१४ | २४.६१ |
| म्यादी | ९,५४२.२२ | ०.८७ | ११,२१५.६२ | ०.८८ | १७.५४ |
| लघु | १७,७९९.८८ | १.६३ | २१,६०२.५८ | १.६९ | २१.३६ |
| अन्य | २१,३८२.९६ | १.९५ | २२,९०६.११ | १.७९ | ७.१२ |
| **जम्मा** | १०,९४,३६० | १००.०० | १२,७६,८८१.८१ | १००.०० | १६.६८ |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.६२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८८ प्रतिशत रहेको छ। गत आ.व. को फागुन मसान्तसम्मको तुलनामा चालु आ.व.को फागुन मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १६.६८ प्रतिशतले वृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ फागुन मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,३५,१४३.६२ | १२.३५ | १,५१,५८५.६७ | ११.८७ | १२.१७ |
| मधेश | ९८,३११.३४ | ८.९८ | १,१४,४०२.४८ | ८.९६ | १६.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| बागमती | ४,७४,४५२.७६ | ४३.३५ | ५,६४,६४५.२२ | ४४.२२ | **१९.०१** |
| गण्डकी | १,१२,७३९.३९ | १०.३० | १,२९,८९४.८२ | १०.१७ | **१५.२२** |
| लुम्बिनी | १,७४,५०५.३६ | १५.९५ | २,०१,५८०.५८ | १५.७९ | **१५.५२** |
| कर्णाली | ३१,८९५.१८ | २.९१ | ३७,९५९.७२ | २.९७ | **१९.०१** |
| सुदुरपश्चिम | ६७,३१२.१४ | ६.१५ | ७६,८१३.३३ | ६.०२ | **१४.१२** |
| **जम्मा** | १०,९४,३५९.७८ | १००.०० | १२,७६,८८१.८१ | १००.०० | **१६.६८** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.२२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.९७ प्रतिशत रहेको छ।

## १४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| निर्जीवन बीमालेख | २०८१ फागुन मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | ७१,६५७.४८ | २५.०५ | ७६,३७२.४४ | २३.४८ | **६.५८** |
| सामून्द्रिक | १६,६४३.५८ | ५.८२ | १९,६३६.८७ | ६.०४ | **१७.९८** |
| हवाई | १६,७९७.४७ | ५.८७ | १६,०३८.०५ | ४.९३ | (४.५२) |
| मोटर | ८६,००७.३४ | ३०.०६ | १,०१,४५९.८० | ३१.१९ | **१७.९७** |
| इन्जि. तथा ठे. जो. | ४६,३८४.६२ | १६.२१ | ५८,१२१.७४ | १७.८७ | **२५.३०** |
| विविध | ३१,७६६.४६ | ११.१० | ३४,२८८.०५ | १०.५४ | **७.९४** |
| कृषि तथा बाली | १०,९१७.२९ | ३.८२ | ११,००३.५२ | ३.३८ | **०.७९** |
| लघु | ५,९१०.३८ | २.०७ | ८,३६२.२५ | २.५७ | **४१.४८** |
| **जम्मा** | २,८६,०८४.६३ | १००.०० | ३,२५,२८२.७१ | १००.०० | **१३.७०** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३१.१९ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.५७ प्रतिशत रहेको छ। गत आ.व. को फागुन मसान्तसम्मको तुलनामा चालु आ.व.को फागुन मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १३.७० प्रतिशतले वृद्धि भएको छ।

## १५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ फागुन मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ फागुन मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २४,९६९.९५ | ८.७३ | २७,१५९.२६ | ८.३५ | **८.७७** |
| मधेश | १९,०९०.३६ | ६.६७ | २०,४५३.७२ | ६.२९ | **७.१४** |
| बागमती | १,९२,१०३.५१ | ६७.१५ | २,२३,७४४.४९ | ६८.७८ | **१६.४७** |
| गण्डकी | १४,९४४.७८ | ५.२२ | १५,९४३.७० | ४.९० | **६.६८** |
| लुम्बिनी | २५,०२५.५० | ८.७५ | २७,२४०.०३ | ८.३७ | **८.८५** |
| कर्णाली | २,६४८.७५ | ०.९३ | ३,०३४.९१ | ०.९३ | **१४.५८** |
| सुदुरपश्चिम | ७,३०१.७८ | २.५५ | ७,७०६.६० | २.३७ | **५.५४** |
| **जम्मा** | २,८६,०८४.६३ | १००.०० | ३,२५,२८२.७१ | १००.०० | **१३.७०** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.७८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९३ प्रतिशत रहेको छ ।

## १६. उजुरी दर्ता तथा फछ्यौट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| गत वर्षको निवेदन बाँकी संख्या | | २८७ | **३९४** |
| यस वर्षको निवेदन संख्या | केन्द्रीय कार्यालयमा | १४४ | ६७ |
| | प्रदेश कार्यालयमा | ९१ | २८ |
| | कुल दर्ता | २३५ | ९५ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | ३ | - |
| **जम्मा निवेदन** | | **५२५** | **४८९** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | ८५ | ५५ |
| | सहमति | ४६ | १८ |
| | जम्मा फछ्यौट | १३१ | ७३ |
| **बाँकी संख्या** | | **३९४** | **४१६** |

चालु आ.व. २०८२/८३ को फागुन मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ६७ र प्रदेश कार्यालयमा २८ गरी प्राधिकरणमा कुल दर्ता भएका ९५ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ४८९ वटा उजुरी प्राप्त भएको छ जसमध्ये ५५ वटा उजुरी मुद्दा फैसलाबाट र १८ वटा उजुरी सहमतीबाट गरी कुल ७३ वटा उजुरी फछ्र्यौट भएका छन् भने ४१६ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

**तयार:**

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण